# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

सूचना नं. १८/२०८१-०८२ | मिति २०८१/५/१५

## प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूहको अधिकृतस्तर नवौं तह, अधिकृत पदको बढुवा तर्फको दरखास्त दिने म्याद थप तथा परीक्षा कार्यक्रम सम्बन्धी अत्यन्त जरुरी सूचना

आयोगको मिति २०८०/१२/२६ गतेको सूचना नं. २५३-२५५/२०८०-८१, प्रदेश इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेसन उपसमूह, अधिकृतस्तर नवौं तह, अधिकृत पदको पदपूर्ति सन्दर्भमा सम्मानित उच्च अदालत, विराटनगर (मुद्दा नं. ०८०-WO-०८३९) को मिति २०८१/३/४ गतेको अन्तरिम आदेश तथा आयोगको मिति २०८१/०३/०६ गतेको निर्णय बमोजिम उल्लिखित पदको पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्य स्थगित राखिएकोमा उच्च अदालत, विराटनगरको सोही मुद्दा फिर्ता सम्बन्धी मिति २०८१/५/४ गतेको आदेशबाट अन्तरिम आदेश निष्कृय भएकोले आयोगको उल्लिखित सूचना बमोजिमका पदको दरखास्त पेश गर्न बाँकी रहेको अवधिको लागि दरखास्त पेश गर्न देहाय बमोजिमको समय दिई पूनः दरखास्त आह्वान गर्ने भनी आयोगबाट मिति २०८१/५/१४ गते निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

क. बढुवा तर्फको दरखास्त संकलनः

| क्र.सं. | सूचना नं. | बढुवाका किसिम | दरखास्त बुझाउने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | २५३/२०८०-०८१ | ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा | २०८१/०५/१६ गते कार्यालय समयभित्र | |
| २ | २५४/२०८०-०८१ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | २०८१/०५/१६ गतेदेखि २०८१/०५/१८ गतेसम्म | |

ख. लिखित परीक्षा कार्यक्रमः

| क्र.सं. | सूचना नं. | वि.नं. | किसिम | सेवा/समूह/उपसमूह | तह | पद | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | २५५/ २०८०-८१ | ५४/ २०८०-८१ | अन्तर स्थानीय तह | प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन | ९ | अधिकृत | २०८१/६/६ दिनको १:०० बजे | २०८१/६/७ दिनको १:०० बजे |

..........................

उपसचिव